बैठक संख्या :- १५५
मिति :- २०८०।१२।०६, मंगलबार
समय :- बिहान ७:३० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर गिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

**मिति २०८० चैत्र ०६ गते बसेको १५५ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १ : तोक आदेश कार्यक्रम सम्बन्धमा ।

**निर्णय :** नगर प्रमुखज्यूबाट आ.व. २०८०/०८१ मा श्रावण देखि चैत्र ६ गते सम्म तोक आदेश मार्फत विनियोजन भएका कार्यक्रमहरु कार्यान्वयन गर्न नगरपालिकाको विनियोजित फुटकर शीर्षक र भैपरी आउने शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ : नगर दिवस सम्बन्धमा ।

निर्णय : नगरप्रमुखज्यूको अध्यक्षता तथा सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरुको सदस्यतामा आउँदो नगर दिवस मनाउने निर्णय गरियो र यसको व्यवस्थापनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतज्यूलाई प्रदान गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ : दलित सीप विकास कार्यक्रम सम्बन्धमा ।

निर्णय : दलित सीप विकास कार्यक्रमको लागि यस नगरपालिकाको चालु आ.व. ०८०/०८१ मा रु. ४,००,०००।- (अक्षरुपी चार लाख मात्र) विनियोजन गरिएकोमा कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशित गरी सेवा प्रदायक संस्था मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ : अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनः स्थापना कार्यक्रम सम्बन्धमा ।

निर्णय : सामाजिक विकास मन्त्रालय, हेटौंडाबाट अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनः स्थापना कार्यक्रमको लागि सशर्त बजेटको रुपमा रु. ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) प्राप्त भएकोमा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनः स्थापना कार्यविधि २०८० को दफा १५ को "ग" मा कार्यक्रमको कूल बजेट मध्ये ६०% प्रदेश सरकारले उपलब्ध गराउने छ र बाँकी ४०% स्थानीय तहले उपलब्ध गराउने छ भन्ने व्यवस्था

भएकोले यस नगरपालिकाको म्याचिङ फण्डबाट रु. २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** घरनक्सा नियमित दिने सम्बन्धमा ।

**निर्णय :** कमलामाई-१ की घरधनी श्री कान्ता ढकालले घर निर्माण सम्पन्न पाऊँ भनी निवेदन पेश गरेको निजले कमलामाई नगरपालिकाको नियमानुसार भवन निर्माण अनुमति लिई भवन बनाएकोमा उक्त भवन सँग सम्वन्धित बाटो मदन भण्डारी राजमार्ग रहेको, डिपिसि ढलान सम्पन्न सम्म राजमार्ग कच्ची बाटो रहेको र बाटोको क्षेत्रअधिकार (केन्द्र रेखाबाट १५ मि.) र बाटोको सेटब्याक (६ मि.) ठिक रहेको, भवनको सुपरस्ट्रकचर बनाउने अनुमति दिएको तर राजमार्ग पिच गरेपछि हालको सडकको केन्द्र रेखाबाट नाप्दा बाटोको सेटब्याक ५.४० मि. रहेको, उक्त दुरी नगरपालिकाको स्वीकृत मापदण्ड अनुसारको सेटब्याक भन्दा कम रहेको भएता पनि नियमानुसार अनुमति पाएर भवन निर्माण सम्पन्न भएको, र भविष्यमा बाटो विस्तार हुने क्रममा निजले बाटोको माथ्लो भागमा रहेको आफ्नो निजि जग्गाबाट बाटोलाई आवश्यक जग्गा प्रदान गरि राजमार्गको क्षेत्रअधिकार र सेटब्याक मापदण्ड अनुसार पुरा गर्ने र यस सम्वन्धमा अन्यको हकमा समेत मुचुल्का करारनामा गरी नियमित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** करदाता सम्मान सम्बन्धमा ।

**निर्णय :** यस नगरपालिका क्षेत्र भित्रका तपसिलमा उल्लेखित व्यक्ति/संस्थाले आ.व. २०७९/०८० मा सबै भन्दा बढी कर तिर्नु भएको हुँदा यस कमलामाई नगरपालिकाको स्थापना दिवसमा राजश्व मरामर्श समितिको सिफारीस अनुसार गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | सम्पर्क | ठेगाना | करको किसिम | र.नं. | मिति | तिरेको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | अच्यूतम प्रसाद गजुरेल | ९८६१२४३१४७ | क.न.पा.-४ | घरवहाल कर | २९९२ | २०८०/०३/२९ | १०८३००.०० |
| २. | उदय विक्रम थापा | ९८४९४५४३६६ | का.म.न.पा.-३२, (हाल क.न.पा.-६) | सम्पत्ती कर | १८०८२ | २०७९/१८/०६ | ४९५००.०० |
| ३. | अग्नी इन्कर्पोरेटेड | ९८४१२१४४३५ | हाल क.न.पा.-४ | व्यवसाय कर | १४२१ | २०७९/०८/०७ | २००००.०० |

**प्रस्ताव नं. ७ :** व्यवसाय कर सम्बन्धमा ।

**निर्णय :** व्यवसाय करको दायरा विस्तार गर्ने नगरपालिकाको नीति अनुरुप हालसम्म नगरपालिकामा दर्ता हुन नआएका, दर्ता हुन नसकेका व्यवसायहरुलाई शुरुवात मानि नगरपालिकाले व्यवसाय दर्ता गरी आर्थिक ऐनले तोके अनुसार कर लिने

र कमलामाई नगरपालिका वडा नं. ९, भिमान बजारको हकमा आर्थिक ऐन, २०८० अनुसार तोकिएको करका दरहरुलाई आधार मानि व्यवसाय दर्ता गरी प्रमाण-पत्र जारी गर्न वडा कार्यालयलाई जिम्मेवारी दिने र वडाबाट प्रमाण-पत्र जारी गर्ने तथा यसरी व्यवसाय दर्ता भएको मासिक विवरण र राजश्व संकलन प्रतिवेदन नगरपालिकाको राजश्व शाखामा पेश गर्ने । व्यवसाय कर संकलन र दर्ताका विषयमा उद्योग वाणिज्य संघसँग सहकार्य गरी अगाडी बढ्ने निर्णय गरियो । देखिएका समस्या र चुनौतीहरुलाई अगामी बैठकमा छलफल गरी आउँदो आर्थिक ऐनलाई थप परिमार्जन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :** ढुंगा, गिट्टी, बालुवा सम्बन्धमा ।

**निर्णय :** ठेक्का लागेका खोला क्षेत्रका ठेकेदारहरुले तिर्नुपर्ने किस्ता रकम समयमा नतिरेको अवस्थामा यथाशीघ्र तीर्न पत्राचार गर्ने र नतिरे बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने निर्णय गरियो । वासिङ्ग प्लाण्ट दर्ता भै संचालनमा आएको प्लाण्टहरुले ढुंगा, गिट्टी, बालुवा प्रशोधनको परिमाण र श्रोत खुल्ने विवरण नगरपालिकामा पेश गर्न लगाउने र राजश्व नतिरी उत्खनन् संकलन गरेकोमा कारवाहीका लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाउने राजश्व परामर्श समितिको सिफारीस अनुसार निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :** म्याचिङ फण्ड सम्बन्धमा ।

**निर्णय :** म्याचिङ फण्डमा विनियोजित बजेटबाट म्याचिङको रुपमा काम हुने गरी तपसिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. | गौमती मा.वि. कक्षाकोठा निर्माण | ७,००,०००।- |
| २. | कालिका मा.वि. जरायोटार | २,००,०००।- |
| ३. | मा.वि. गडौली | ३,००,०००।- |

**प्रस्ताव नं. १० :** प्रकोप व्यवस्थापन कोष खर्च सम्बन्धमा ।

**निर्णय :** वडा नं. ३ निवासी खडिन्द्र प्रसाद चौलागाईको च्याउ फर्म आगलागी भएको कारणबाट हुन गएको क्षतिका लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ११ : आर्थिक सहायता सम्बन्धमा ।

निर्णय : कमलामाई नगरपालिका वडा नं. ७ निवासी मनीराज वाईबाको आमा नन्दमाया वाईवा मुटु सम्बन्धी रोगवाट उपचार गराई रहनु भएको र निजहरुको घरपरिवारको आर्थिक अवस्था विपन्न भएको हुदा निजलाई रु. ५०,०००।- (पचार हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।